<u>खुला पत्र</u>

श्रीमान अध्यक्ष ज्यू,
नेपाल बीमा प्राधिकरण
ललितपुर -१०, कुपन्डोल, काठमाडौ।

विषय: जानकारी सम्बन्धमा।

सो सम्बन्धमा हामी ११ जना बीमितले श्री महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको वार्षिक धनफिर्ता बीमा गरी सके पछी सो कम्पनीले वार्षिक रुपमा हामी बीमितलाई फिर्ता गर्नु पर्ने बीमाक रकमको ५% रकम फिर्ता नदिएको उजुरी नेपाल बीमा प्राधिकरण मधेश प्रदेशको बिरगंजमा रहेको शाखामा दर्ता गराउन लग्दा हामीले भोगेका अनुभवहरु बुदागत रुपमा जानकारीका लागि समेटेका छौ।

बुदाहरु

(१) नेपाल बीमा प्राधिकरण मधेश प्रदेश शाखाले आगन्तुकहरुको बिबरण राख्नु राम्रोकुराहो तर हाम्रो उजुरी दर्ता बिना नै राख्नु र दर्ता नम्बर नभए नि कमसे कम उजुरी संगै राखिएको उजुरीको फोटोकपीमा उजुरी बुझी लिए भनी सही छाप गरी दिनुस भन्दा नमिल्ने भनी जवाफ पाईयो।

(२) हामीले छोडी आएका उजुरी जस्ता को तेस्तै केहिदिन पछी यसमा केहि गर्न नमिल्ने हामीले कम्पनी संग कुरा गरी सक्यौ भनी फिर्ता पाईयो हामीले लिखित जवाफ माग्दा आवस्यक नपर्ने भनी जवाफ पाईयो।

(३) नेपाल बीमा प्राधिकरण मधेश प्रदेश शाखाका कर्मचारीका अनुसार श्री महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडले धन फिर्ता वापत बिमितलाई फिर्ता दिनु पर्ने रकम पहिलेनै आपसी सम्झदारीमा फिर्ता दिनु नपर्ने भनी सही छाप गराको कुरा प्रस्ट पार्नु भयो जबकी बिमितको उजुरीमा स्पस्ट रुपमा लेखिएको छ कि बीमा कम्पनीले नियत वस झुक्यार सही छाप गराएको छ जसलाई यसै निवेदन को साथमा पछिलो मन्जुरी लाई खारेज गरी पाउनु पर्ने रकम पाउ भनी बिमितको निवेदन माथि कुनै विचार गरिएन।

(४) वार्षिक धन फिर्ता वापत सबै बीमा कम्पनीहरुले बीमितहरुको पैसा वार्षिक रुपमा दिन मिल्ने तर श्री महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडले दिनु नपर्ने।

(५) वार्षिक धनफिर्ताको मतलब नेपालको बजारमा बीमा गरेको दोस्रो वर्ष देखि ग्राहकले वार्षिक रुपमा बीमा कम्पनीहरुको आफ्नो नियम अनुसार केहि प्रतिशत रकम ग्राहकले फिर्ता पाउनु पर्ने हो यदि होइन भने श्री महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडले बीमा पोलिसी को नाम वार्षिक धनफिर्ताको साटो धनफिर्ता बीमा मात्र लेख्नु पर्ने।

संलग्न कागजातहरु

श्री महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको ग्राहकको लागि प्रोग गरिएको मञ्जुरीनामा सेम्पल को लागि ११ वटा बीमितहरु मध्ये १ जना बीमितको निवेदन जो श्री नेपाल बीमा प्राधिकरण मधेश प्रदेश शाखामा दिईएको
श्री महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड बाट बीमितले पाएको बीमा पोलिसी

बीमितको तर्फ बाट
अधिक जानकारीको लागि सम्पर्क
९८०१५६९९७८